आर्थिक वर्ष २०८०/०८१ को

आय तथा व्ययको अनुमान

बजेट वक्तव्य

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

२०८०

नगर सभाको बैठकमा मिति २०८० साल असार १०  गते सोमबार नगर उप प्रमुख श्री धनकुमारी शाहीले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०/०८१ को

# बजेट वक्तव्य

आठविसकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम),

कर्णाली प्रदेश, नेपाल

२०८०

**प्रारम्भ**

1. आठविसकोट नगरपालिकामा आर्थिक सम्बृद्धिको नयाँ मोडेल संस्थागत गर्न सकिने विश्वासका साथ आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (१) अनुसार यस गरिमामय नगर सभा समक्ष नगर उप प्रमुखको हैसियतले नगरपालिकाको मार्गदर्शक सिद्धान्तको रुपमा रहेको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको कार्यान्वयनको रुपमा रहेको यो बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरव अनुभूति भईरहेको छ । यस प्रकारको जिम्मेवारी प्रदान गर्ने यस नगरपालिकाका आम मतदाताहरुप्रति पुन: हार्दिक आभार प्रकट गर्दछु ।
2. म नेपालको संविधान (२०७२) ले स्थानीय तह गठन गरेपछिको दोस्रो कार्यकालको दोस्रो बजेट वक्तव्य पेश गर्न गइरहेको छु । यस अवसरमा सर्वप्रथम नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, संघिय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशिता, धर्म निरपेक्षता र सामाजिक न्यायका लागि भएका विभिन्न ऐतिहासिक संघर्षहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरुको स्मरण गर्दै उहाँहरु प्रति हार्दिक श्रद्वाञ्जली व्यक्त गर्दछु । यस क्रममा घाइते, अपाङ्गता र वेपत्ता योद्वा तथा सहिद परिवारजन प्रति उच्च सम्मान प्रकट गर्दछु ।
3. संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी त्यसको लाभ प्रत्येक नगरवासीसम्म पुऱ्याउने हाम्रो दायित्व पूरा गर्दै आर्थिक, सामाजिक संरचनाको विकास गर्दै ग्रामिण अर्थतन्त्रको वृद्वि गरी नगरमा आर्थिक सम्वृद्धि कायम गराउने दिशातर्फ आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।
4. यो बजेट तर्जुमा गर्दा मैले **नेपालको संविधान, नेपाल सरकारको चालू १५ औं योजना, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षिय आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, आठविसकोट नगरपालिकाको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०८०** को **सिद्वान्त, उद्देश्य, प्राथमिकता, प्रमुख नीतिहरु, नगरवासी, विभिन्न संघसंस्था, नगर सभाका वहाल तथा पूर्व सदस्य ज्यूहरु, राजनैतिक दल तथा तिनका भातृसंङ्गठनहरुबाट प्राप्त प्रमुख सुझावहरुलाई बजेट तथा कार्यक्रमको मार्गदर्शन र प्रमुख आधार** बनाएको छु ।

**सभाध्यक्ष महोदय तथा नगर सभाका सदस्यज्यूहरु ,**

5. अब म, आठविसकोट नगरपालिकाको चालु आ.व. २०७९/०८० को खर्च प्रगतिको संक्षिप्त समिक्षा प्रस्तुत गर्दछु ।
6. चालु **आ.व. २०७९/८० मा रू. ६७ करोड ६३ लाख २५ हजार ४ सय ४८** विनियोजन गरिएकोमा हालसम्म स्रोतगत शिर्षक र क्षेत्रगत कार्यक्रममा जम्मा खर्च **रु ६२ करोड ९१ लाख ०७ हजार मात्र अर्थात ७५.१४ प्रतिशत** खर्च भएको छ । जसमा चालुतर्फ ४४ **करोड ३३ लाख २५ हजार ४ सय ५० अर्थात ६५.५४ प्रतिशत** विनियोजन गरिएकोमा **३८ करोड ५२ लाख ४२ हजार अर्थात ७९ प्रतिशत** खर्च भएको छ । पूँजीगत तर्फ **२३ करोड २९ लाख ९९ हजार ९ सय ५८ अर्थात ३४.४६ प्रतिशत** विनियोजन गरिएकोमा हालसम्म **२२ करोड ५० लाख ४० हजार अर्थात ९६.५८ प्रतिशत** खर्च गरिएको छ । जस अन्तर्गत क्षेत्रगत हिसावले आर्थिक विकासमा २ करोड १६ लाख विनियोजन गरिएकोमा **२ करोड १० लाख ७५ हजार अर्थात ९७.५७ प्रतिशत** मात्र खर्च गरिएको छ । त्यसै गरी पूर्वाधार विकास तर्फ **२३ करोड २९ लाख** विनियोजन गरिएकोमा **२२ करोड ५० अर्थात ९६.६० प्रतिशत** खर्च भएको छ । त्यस्तै गरी सामाजिक विकास तर्फ २५ करोड **६५ लाख ४२ हजार** विनियोजन गरिएकोमा **२० करोड ३३ लाख ८२ हजार अर्थात ७९.२७ प्रतिशत** खर्च भएको छ । त्यस्तै गरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ **३ करोड ६८ लाख** विनियोजन गरिएकोमा

**२ करोड २८ लाख ४१ हजार अर्थात ७५.९६ प्रतिशत** मात्र खर्च भएको छ। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ **२० करोड ३८ लाख ६१ हजार** विनियोजन गरिएकोमा **१६ करोड २३ लाख ७१ हजार अर्थात ७९.६४ प्रतिशत** मात्र खर्च भएको छ।

7. यस्तै गरी चालु आ.व. मा नगरपालिकाको आन्तरिक राजश्व संकलन **२ करोड ८० लाख ५४ हजार ४ सय** हुने अनुमान गरिएकोमा **रु १ करोड ८४ लाख ७८ हजार ६ सय १७ रुपैया र १५ पैसा अर्थात ६५.८७ प्रतिशत** राजश्व संकलन भएको छ। चालू आ.व. को अन्त्यसम्ममा कुल लक्ष्यको **७५ प्रतिशत** राजश्व संकलन हुने अनुमान गरेको छु।
8. चालु आर्थिक वर्षमा संघीय सरकारबाट राजश्व बाँडफाँट वापत **रु १३ करोड ६५ लाख २१ हजार** प्राप्त हुने अनुमान गरिएकोमा **रु ९ करोड १४ लाख ६ हजार अर्थात ६६.९५ प्रतिशत** मात्र प्राप्त भएको छ। यसै गरी संघीय सरकारबाट समानीकरण अनुदान अन्तर्गत **१२ करोड १३ लाख** प्राप्त हुने अनुमान भएकोमा चालुआ.व.मा **१० करोड ८७ लाख ३१ हजार** मात्रै प्राप्त भएको छ। यसरी संघीय सरकारबाट अनुमान भन्दा करिब ११ प्रतिशत बजेट कम प्राप्त हुनुका साथै लक्ष्यानुसारको आन्तरिक राजश्व संकलन हुन नसक्दा नगरपालिका क्षेत्रमा सञ्चालन/कार्यान्वयन भएका विकास आयोजनजाहरुमा दिइने भुक्तानी प्रभावित भएको आवस्था छ।
9. चालु आर्थिक वर्षको अन्त्यसम्ममा कूल विनियोजित बजेट मध्ये प्राप्त हुने बजेटको कुल खर्च ९५ प्रतिशत हुने अनुमान लिएको छु। जसमा चालू तर्फ ९४ प्रतिशत र पूँजीगत तर्फ ९६ प्रतिशत खर्च हुने अनुमान गरेको छु।
10. चालु आर्थिक वर्षमा नगरपालिका क्षेत्रभित्रका कृषकहरुलाई २५ हजार किवीका विरुवा खरिद गरि वितरण गरिएको छ। किवी र सुन्तला किसानको बारीबाट बजारसम्म पुर्याउन ढुवानीको लागि अनुदानको व्यवस्था गरिएको छ। कृषि तथा पशुपंक्षीको तथ्याङ्क संकलन गरिएको छ। व्यवसायिक युवा लक्षित कार्यक्रम सञ्चालन गरिनुका साथै अगुवा कृषकहरुलाई भ्रमण तथा तालिममा सहभागी गराइएको छ। कृषि मेला तथा कृषि प्रर्दशनी गरिएको छ। नगरपालिका क्षेत्रमा पशुहरुको कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन भएको छ।
11. राडिज्यूला शिक्षा क्याम्पसको जग्गा खरिद गरि भवन निर्माण भएको छ। श्री शहिद स्मृति दिपज्योती नमूना मा.वि.राडीको लागि **विद्यालय वसको** व्यवस्थापन गरिएको छ। आधारभूत शिक्षा परीक्षा कक्षा ५ र ८ को नतिजा सुधारोन्मुख रहेको छ। नगरपालिकाबाट डाक्टर पढन ३ जनालाई छात्रवृत्ति प्रदान गरिएको छ। स्थानीय पाठ्यपुस्तकको निर्माण गरि नगरपालिकाका सबै विद्यालयहरुमा पठनपाठन सुरु गरिएको छ।
12. नगरपालिकाको वडा नं १ मा रहेको **आधारभूत स्वास्थ्य सेवा केन्द्रमा वर्थिङ् सेन्टर** स्थापना सञ्चालनमा ल्याइएको छ। **१० जना क्यान्सर पिडित तथा दिर्घ रोगिलाई** उपचार वापतको खर्च भुक्तानी गरिएको छ। **१५ जना विपन्न नागरिकहरुलाई** औषधोपचारका लागि सिफारिस गरिएको छ। आठविसकोट नगर अस्पतालमा **एम्वुलेन्स सेवा** सञ्चालन गरिएको छ भने **शहिद परिवार, गरिब तथा अति विपन्न ८७ घर** परिवारलाई नि:शुल्क स्वास्थ्य विमा गराइएको छ।
13. गोतामकोट, घेत्मा र नगर अस्पतालमा किशोरकिशोरी स्वास्थ्य सेवा सुदृढिकरण कार्यक्रम सञ्चालन गरिएको छ। नगर अस्पतालको आवश्यक पूर्वाधार थप गरि सेवा विस्तार गरिएको छ। नगरपालिका क्षेत्रका विभिन्न वडाहरुमा सञ्चालित **एक घर एक धारा** खानेपानी आयोजनाहरु क्रमश: निर्माण सम्पन्न हुने अवस्थामा रहेका छन्। नगरपालिकाबाट ९ औं राष्ट्रिय खेलकूद प्रतियोगितामा सहभागी भएर कर्णाली प्रदेशबाट नै उत्कृष्ट भएका खेलाडीलाई सम्मान तथा पुरस्कृत गरिएको छ।

14. आठविसकोट नगरपालिकाको अति दुर्गम क्षेत्रमा पर्ने वडा नं. १ को वडा कार्यालयमा मोटर बाटो पुगेको छ। साथै, पहाडा, पाटागाउँ, छिमि मन्का लगाएतका दुर्गम गाउँ ठाँउमा मोटर बाटोको लागि ट्र्याक खन्ने कार्य चालु अवस्थामा रहेको छ। खदी देखि स्यालासम्म तथा घर्तिगाउँ देखि ८ न. वडा कार्यालय जोड्ने मोटर बाटो निर्माण सम्पन्न हुने अवस्था रहेको छ।
15. **राडीज्यूला बजार** क्षेत्रका सबै सडकहरु कालोपत्रे गर्ने कार्य सुरु भएको छ। **रिम्ना चिसापानी राडी हुदै घारीखोलासम्म** र **राप्ती लोकमार्ग अन्तर्गत नदुवा देखि लिस्ने हुदै झारमारे** तथा **गोतामकोटको छरेबगर देखि नयाँडाँडासम्मको** सडकको स्तरोन्नती तथा कालोपत्रेको निर्माण कार्य सञ्चालनमा रहेको छ।
16. **घट्टाखेत देखि सुन्दरपानी हुदै मैडाँडा जाने सडक** र **खारखारा देखि ढुङ्गिला हुँदै सिम्तारा जाने सडक** स्तरोन्नतीको क्रममा रहेको छ। **सिमबजार राडी** जोड्ने मोटर पुल निर्माण भएको छ। साथै, **छरेबगर, सालागार, नरखोला र ठूलीभेरीको ठाँटीखोला - मन्मै** जोड्ने मोटरेवल पुल निर्माणधिन अवस्थामा रहेका छन।
17. नगरपालिकाको वडा नं १ मा १ वटा **आर.सी.सी पुल** निर्माण भएको छ। साथै, **कुसुम खोला, भलखोला, छेपारे, रिगाउरा** झो.पु. निर्माणधिन अवस्थामा रहेका छन्। **राडीज्यूला, मगाखोला, चिला, खारखारा, हर्दिगाउँ, तलिभयाउने, पुजाखोला, मुलपानी** लागयतका साना ठूला सिँचाइ आयोजनाहरु निर्माण भएको छ।
18. **नगरपालिकाको प्रशासनिक भवन र वडा नं. १ र २ को प्रशासनिक भवन** निर्माणका लागि ठेक्का सम्झौता भई निर्माण कार्य अघि बढेको छ।
19. **शाईकुमारी, साजेबगर, स्याला, खदी, मिग्री, चौतारा, होली, छिमी, डाँफे, औलीगाउँ, घर्तिगाउँ, सना, हर्दिगाउँ, गोइरी, ठूलीबार्खु, घोरीलास, घारीखोला, झिन्चौर, गत्तसैना, घाटीगौरा, हम्पा, गाउँबारी, सवारी, बाँकेज्यूला, छेपारे, टाकुरा, फर्साचौर** लगाएतका विद्यालयमा भवन २ कोठे, ४ कोठे र ८ कोठे गरी **२७ वटा विद्यालय भवन** निर्माण सम्पन्न भएका छन् भने केहि भवनहरु निर्माणाधिन अवस्थामा रहेका छन्।
20. **शहिद स्मृति दीपज्योति नमूना माध्यमिक विद्यालय, राडीको** घेरबार तथा फिल्ड निर्माणको कार्य सञ्चालन भैरहेको छ। यस नगरपालिकाको वडा नं. १० को **श्री जनविकास मा.वि, घारीखोला** र वडा नं ४ को **श्री ज्ञानोदय मा.वि, चौतारामा "पढ्दै, कमाउँदै कार्यक्रम"** लागू भएको छ।
21. यस नगरपालिकाको **३, ४, ५, ६, ११, १३ र १४** नं वडामा विद्युतिकरण विस्तार कार्य सञ्चालनमा रहेको छ। राडीज्यूलामा **नेपाल टेलिकमको 4G टावर**का साथै **फाइवर इन्टरनेट** सेवा सञ्चालन भएको छ।
**22.** सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत फुसको छाना हटाउन **११०० घरघुरीलाई जस्तापाता** वितरण गरिएको छ। साथै, सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत **५ वटा घर** निर्माण सम्पन्न भएका छन। पुन:निर्माण **प्राधिकरणबाट ६० वटा घरहरु निर्माणधिन अवस्थामा रहेका छन**।
23. नगरपालिकाको कार्यालय र वडा कार्यालयहरुमा राजश्व संकलन प्रणाली अनलाइन तथा सफ्टवेयर मार्फत गर्ने गरिएको छ।
24. आठविसकोट नगरपालिकाको आवधिक योजना निर्माण कार्य थालनी गरिएको छ। जनप्रतिनिधि तथा मेलमिलाप कर्ताहरुको लागि कानुन सम्वन्धि अभिमुखिकरण तालिम प्रदान गरिएको छ। यस वर्ष न्यायिक समितिमा दर्ता हुन आएका जम्मा **५० वटा विवादहरु मध्ये ३५ वटा विवादहरु** मेलमिलापको माध्यमबाट मिलापत्र गराई विवाद किनारा लगाइएको छ।
25. नगरपालिकाको सह-लगानीमा सञ्चालित **कर्णाली वेवरेज प्रा.लि**.को कोल्ड स्टोर, भवन, चिलर पलान्ट, फुलफुलको जुस प्रशोधन मेसिन खरिद तथा जडान गर्ने काम सम्पन्न भएको छ। उद्योगबाट उत्पादित मिनरल वाटरको बजारीकरण समेत भएको छ। कच्चा पदार्थ तथा मालसामान ढुवानी गर्न ढुवानीका साधनको व्यवस्था गरिएको छ।

26. यस नगरपालिकामा सञ्चालित दुग्ध उद्योगको उत्पादित वस्तुलाई बजारिकरणको लागि १ वटा मिल्क ट्याङ्कर र २ वटा जीप व्यवस्थापन गरिएको छ ।
27. विविध कारणले स्थानीय बजारमा महङ्गीमा वृद्धी हुन गई जनजीवनमा असर पारेको छ । कानुन अनुसार बजार मुल्य, खाद्यवस्तुको गुणस्तर, नापतौल, मूल्य सुची तथा व्यवसाय दर्ता नविकरण भए/नभएको सम्बन्धमा बजार अनुगमन गर्ने कार्य सम्पन्न भएका छन ।
28. नगरपालिकाको प्राकृतिक सुन्दरताको अवलोकन तथा पर्यटन प्रवर्द्धनको लागि यस नगरपालिकाको झारमारे लेकमा **भ्यू टावर तथा पार्क निर्माण** सम्पन्न भएको छ । नगरपालिकाका विभिन्न वडाहरुमा साना ठूला मन्दिरहरुको डिजाइन तथा लागत अनुमान बमोजिमको निर्माण कार्य सम्पन्न भएको छ ।

**सभाध्यक्ष महोदय तथा नगर सभाका सदस्य ज्यूहरु,**

अब म, आठविसकोट नगरपालिकाको विद्यमान अवस्थाको यथार्थ अवस्था प्रस्तुत गर्दछु:

29. भौगोलिक रुपमा कर्णाली प्रदेशकै सबैभन्दा ठूलो यो नगरपालिका भौगोलिक तथा जैविक विविधताले भरिपूर्ण रहेको छ । नगरपालिकामा जलस्रोत, वन जंगल र जडिबुटी प्रशस्त मात्रामा पाइन्छ । यी प्राकृतिक श्रोतहरुको समुचित र योजनाबद्ध प्रयोगबाट समाजवाद उन्मुख सम्वृद्धि प्राप्त गर्न सकिने प्रचुर संभावना रहेको छ । यस नगरपालिकामा फलफूल खेती तथा पशुपालनको पनि राम्रो सम्भावना रहेको छ ।
30. यस नगरपालिकाले रुकुम (पश्चिम) जिल्लाको करिब ४६ प्रतिशत भू-भाग ओगटेको छ । राष्ट्रिय जनगणना -२०७८ अनुसार यस नगरपालिकाको औषत जनघनत्व ६९ जना प्रति वर्ग किलोमिटर रहेको छ । कर्णाली प्रदेशको औषत जनघनत्वको हाराहारीमा रहेको छ ।
31. यस नगरपालिकाका करिव ४१ प्रतिशत नगरवासी अझै पनि गरिवीको रेखामुनि रहेका छन् । यो दर कर्णाली प्रदेशकै बराबरीमा रहेको छ । पालिकामा गरिवी, कुपोषण, बेरोजगारी, लैङ्गिक तथा घरेलू हिंसा, सामाजिक विभेद तथा जातिय छुवाछुत जस्ता सामाजिक समस्याहरु पनि विद्यमान रहेका छन् ।
32. मानव विकास सूचकाङ्कका हिसावले यो नगरपालिका धेरै पछाडि परेको छ । उत्पादकत्व, वचत, मानव विकास सुचकाङ्क, औसत आयु, प्रति व्यक्ति आय आदि सबै सूचकहरुमा यो नगरपालिका देशको औसत अवस्था भन्दा न्युन छ । भौगोलिक विकटताले मानव विकास सुचकाङ्कमा सुधार गर्न थप कठिनाई व्यहोरि रहनुपरेको छ ।
33. नगरपालिकाको माथि उल्लिखित विद्यमान अवस्थाहरुका बाबजुद पनि सिमित स्रोत साधन प्रयोग गरी असिमित आवश्यक्ताहरु उच्च मनोबलका साथ **जनताको एकता, श्रम, उत्पादन र संघर्षको नेतृत्त्व गर्दै नगरपालिकाको आर्थिक सम्बृद्धि सहितको समाजवादको जग खडा** गर्न सकिने विश्वास लिएको छु ।

**सभाअध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८०।८१ को वजेटका मुख्य उदेश्यहरु प्रस्तुत गर्दछु:

34. आर्थिक सम्बृद्धि सहितको समाजवाद उन्मुख आर्थिक तथा सामाजिक व्यवस्था निर्माण गर्ने यस बजेटका मुख्य लक्ष्य हासिल गर्न देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरेको छु ।

(क) परम्परागत कृषि पेसालाई व्यबसायिकरण गर्दै कृषि उत्पादनमा जोड दिने र खाद्यान्न तथा फलफूलमा आत्मनिर्भर भइ निर्यातमुखी बनाउने।

(ख) कृषि, उद्योग, खनिज, वन तथा वातावरण लगायतका क्षेत्रको उत्पादन र उत्पादत्व वृद्धि गरी खाद्य अधिकार, खाद्य सम्प्रभुता सहितको खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने, साथै ती क्षेत्रबाट रोजगारी एवम् स्वरोजगार सृजना गरी स्थानीय समुदायको आयआर्जन वृद्धि गर्ने।

(ग) शिक्षा प्रणालीको समग्र सुधार गर्दै शिक्षामा गुणस्तरीयता कायम गरी उत्पादनशील तथा सुसंस्कारयुक्त नागरिक निर्माण गर्ने।

(घ) स्वास्थ्य सेवालाई गुणस्तरीय, भरपर्दो, विश्वासिलो र सर्वसुलभ बनाउने।

(ङ) सडक तथा सडक पुल पुलेसाहरु निर्माण तथा सार्वजनिक यातायातको व्यवस्था गरी जनताको आर्थिक तथा सामाजिक गतिबिधिलाई सहज र तीव्र बनाउने।

(च) सामाजिक समावेशीकरण, सुरक्षा, सद्भाव र सहिष्णुता सहित आम सामाजिक, साँस्कृतिक रुपान्तरणको प्रक्रियालाई तीव्र बनाउने।

(छ) नगरपालिका क्षेत्रभित्र हर प्रकारका प्राकृतिक तथा मानव सिर्जित विपदहरुको सामना गर्न सक्ने क्षमता विकास गर्ने।

35. बजेटका यी उल्लेखित उद्देश्यहरु प्राप्त गर्न मैले यस वर्ष कृषि तथा पशुपालन, शिक्षा, स्वास्थ्य, रोजगारी, सुचना तथा सञ्चार क्षेत्रलाई मुख्यत: क्षेत्रगत तथा कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु।

**सभाअध्यक्ष महोदय तथा नगर सभाका सदस्य ज्यूहरु,**

36. यी उल्लेखित उद्देश्य र प्राथमिकताहरुलाई कार्यान्वयन गर्न देहाय बमोजिम क्षेत्रगत बजेट बिनियोजन गरेको छु।

**क. कृषि तथा पशुपालन क्षेत्र:-**

37. **"किसानको उत्पादन बजारमा, अनुदान किसानको नजरमा"** भन्ने मुल नाराका साथ कृषकहरुले उत्पादन गरेको तरकारी, फलफुल बालि उत्पादन तथा विक्रि परिमाणको आधारमा २५ प्रतिशत प्रोत्साहन रकम कृषकले पाउने व्यवस्था मिलाएको छु। कृषकहरुले उत्पादन गरेको कृषिजन्य वस्तुको बजार सुनिश्चित गर्नको लागि स्थानीय हाटवजार, कृषि उपज सङ्कलन केन्द्रको व्यवस्था र बेमौसममा पनि भण्डारण गरी विक्रि वितरण गर्नको लागि सुविधा सम्पन्न चिस्यान केन्द्रको निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

38. नगरपालिका क्षेत्रभित्रका कृषकहरुको उत्पादन विक्रि वितरण सहजताको लागि अन्य जिल्ला वा विदेशबाट आयातित तरकारी **बालिमा ७५ प्रतिशतसम्म** कर लगाउने व्यवस्था मिलाएको छु।

39. कृषिको दिगो विकासको लागि धान, गहुँ, मकै, तरकारी र मसला बालिहरुको वीउविजन वृद्धि गर्ने तथा उत्पादन वृहत पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्दै उत्पादनमा सहभागि इच्छुक कृषक, कृषि फर्म, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारीमा स्थानीय, प्रदेश र संघीय सरकारको सहकार्यमा पकेट, व्लक विकास कार्यक्रम सञ्चालन गरिने छ। किसानले उत्पादन गरेका वस्तु बजारसम्म पुर्याउन कृषि एम्बुलेन्स खरिद सञ्चालन गर्ने व्यवस्था गरेको छु।

40. कृषि उत्पादनमा हुने जोखिम न्युनिकरणको गर्नको लागि असिना, रोग, किरावाट बालिनालिमा हुने आकस्मिक क्षतिको सम्वोधन, अनुदान कार्यक्रममा बिमा अनिवार्य गरिने र सवै कृषिजन्य उत्पादनमा बिमा वनाउन प्रोत्साहन तथा कृषकको उत्पादनको न्युनतम समर्थन मुल्य समायोजन कार्यक्रम सुरुवात गर्ने व्यवस्था मिलाइएको छ।

41. कृषकहरुलाई सम्मान र कृषि पेशालाई मर्यादित बनाउनको लागि उत्कृष्ठ कृषक, समुह र सहकारी संस्थालाई **मेयर उत्कृष्ट कृषि पुरस्कार** तथा **किसान कार्ड** लागू गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । वैज्ञानिक खेति गर्नको लागि माटोको उर्वरा शक्ति कायम राख्दै माटो परिक्षण ल्याव सेवा, कम्पोष्ट मल तथा **ढैचाको विउविजन वृद्धि, भर्मिकम्पोष्ट र वायोचार निर्माण** कार्यक्रम सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छु ।
42. **"प्राङ्गारिक उत्पादनमा वृद्धि, आठविसकोट नगरपालिकाको समृद्धि** " भन्ने नाराको साथ प्राङ्गारिक मल, गोठेमल, जैविक विषादि उत्पादनमा तालिम तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।
43. खेतियोग्य जमिन बाँझो नराख्न आवश्यक कार्यक्रम सञ्चालन तथा खेतीयोग्य जमिन बाँझो राखेमा उपयुक्त कार्यविधि बनाई कारवाहि गरिने व्यवस्था गरिने छ । कृषि उत्पादन, उत्पादकत्व वृद्धि गर्नको लागि लागत न्यूनिकरण गर्न कृषि यन्त्र उपकरणको प्रयोगमा कृषकलाई सक्षम बनाउन कृषि यन्त्र उपकरणमा ७५ प्रतिशत अनुदान उपलव्ध हुने व्यवस्था गरेको छु ।
44. कृषकको घर खेतमा प्राविधिक सेवा र कृषिमा पहुँच पुर्याउनको लागि भौतिक संरचना सहितको एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिएको छ । कृषि उत्पादन वृद्धि गर्न खेतीयोग्य जमिनलाई गरा सुधार गरी पानी र प्रविधिको समेत विकास गरिने छ । सवै वडामा आधारभूत पशु तथा कृषि सेवा केन्द्र स्थापना गरि सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।
45. पशु सेवा केन्द्रमा कल सेन्टर (टोल फ्रि सेवा) स्थापना गरी कृषकको खोर-गोठमा पशु सेवा प्राविधिक सेवा कार्यक्रम सञ्चालन गरिनेछ । व्यवसायिक पशुपालन क्षेत्रमा युवाको आकर्षण बढाउन, पुराना फर्मको सुरक्षा तथा नयाँ फर्मको स्थापना तथा विस्तारमा उत्प्रेरित गर्न "**नगर प्रमुख युवा लक्षित फर्म प्रवर्द्धन कार्यक्रम"**लाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।
46. नगरपालिकाका सबै घरघरमा उपचार सेवा पुर्याउनको लागि **एक वडा एक पशु सेवा प्राविधिक**को व्यवस्था गरी कृषकको घरदैलोमा उपचार सेवा उपलब्ध गराइने व्यवस्था मिलाएको छु । पशुपालन पकेट क्षेत्रको स्थापना गरी पशुपन्छी श्रोत केन्द्रको रुपमा विकास गर्ने साथै पशुपन्छी तथा पशुपन्छीजन्य बस्तु, दुध, अण्डा, मासुको उत्पादनमा वृद्धि गरिनेछ ।
47. पशुपन्क्षीमा फैलिने महामारी रोगहरुको उपचारका लागि उपचार सेवामा तत्काल आवश्यक औषधि सहित पशु स्वास्थ्य प्राविधिकहरुलाई परिचालन गरिनेछ । पशु आहारा सुधार गर्न तथा उत्पादनमा लागत कम गराउन स्थानीय स्तरमा दाना बनाई प्रयोग गराउने घाँस खेती, घाँसको श्रोत विस्तार गर्न घाँसको नर्सरी व्यवस्थापन जस्ता कार्यक्रमलाई जोड दिईनेछ । देशैभरी फैलिएको रेविज रोग नियन्त्रण गर्नको लागि बाह्रै महिना पर्याप्त मात्रामा रेविज खोप उपलब्ध हुने व्यवस्था मिलाएको छु ।
48. हाल गाई/भैसीमा महामारी रुपमा फैलिएको **लम्पी स्किन** रोग, भेडाबाख्रामा लाग्ने **पि.पि.आर. रोग**, खोरेत रोग र कुखुरामा लाग्ने रोगहरुको विरुद्ध खोपहरु उपलब्ध गराइनेछ । कृषि तथा पशु सेवा भवन निर्माणको लागि जग्गा खरिद तथा भवन निर्माण कार्य तत्काल गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्ने व्यवस्था मिलाएको छु ।
49. विशिष्ट जातका पंक्षीपालन (कालिज, लौकाट र टर्की) कार्यक्रमलाई प्राथमिकता दिइनेछ । पशुपालन कृषकलाई व्यवसायिक बनाउन पालिकास्तर तथा स्थलगत रुपमा तालिम लिने/दिने व्यवस्था मिलाएको छु ।
50. कृषी तथा पशुपालनका उल्लिखित कार्यक्रमका लागि **रु. १ करोड ७ लाख ७० हजार** विनियोजन गरेको छु ।

**ख. शिक्षा क्षेत्र:-**

51. **शैक्षिक गुणस्तर परिक्षण केन्द्र** खारेज गरी शैक्षिक गुणस्तर सुधारको लागि संघीय सरकारको नीति अनुरुप विद्यालय स्रोतकेन्द्र स्थापना गरि शिक्षकलाई शिक्षण अवलोकन, प्रविधिमैत्री सीप विकास, नमूना शिक्षण अभ्यास र पुनर्ताजकीय तालिम दिने लगाएतका काम गर्ने जिम्मेवारी तोकिने व्यवस्था मिलाएको छु ।
52. सामुदायिक विद्यालयहरुमा खुल्ला प्रतिस्पर्धा मार्फत प्रधानाध्यापक छनौट गर्ने संघीय सरकारको नीतिलाई यस नगरपालिकामा पनि लागू गरिनेछ ।
53. राडीज्यूला शिक्षा क्याम्पसलाई दिइदै आएको नियमित अनुदानलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु । यसका लागि रु १० लाख बजेट व्यवस्था गरेको छु ।
54. गुणस्तरिय शिक्षाको लागि विद्यार्थीहरुलाई विद्यालयमा **"ल्याउन, टिकाउन र सिकाउन" विद्यालय दिवा खाजा"** को कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीयस्तरमा उत्पादित खाद्यवस्तुलाई अनिवार्य प्रयोगमा ल्याउने व्यवस्था मिलाएको छु ।
55. हरेक विद्यालयलाई पुर्वाधारयुक्त विद्यालय बनाउने कार्यमा जोड दिई सिकाइमा गुणस्तर सुनिश्चित गरिनेछ । जसको लागि विद्यालय समायोजन कार्यलाइ वस्तुगत, व्यवहारिक बनाइ कार्यान्वयनमा ल्याइनेछ ।
56. गुणस्तरीय शिक्षण सिकाइको वातावरण तयार गर्न सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट, कम्प्युटर, डिजिटल हाजिरी र CCTV जडान गरिनेछ । साथै, सूचना प्रविधिमैत्री शिक्षा बनाउन सूचनाको विकासलाई अवलम्बन गर्न शिक्षकहरुलाई तालिमको उपयुक्त व्यवस्था मिलाएको छु ।
57. गरिब तथा जेहेन्दार विद्यार्थीलाइ उच्च शिक्षासम्म पहुँचको व्यवस्था गरिनेछ । जसको लागि विशेष छात्रवृतिको व्यवस्था हुने गरि **३७ लाख ४९ हजार** बजेट व्यवस्था गरेको छु ।
58. यस नगरपालकाको ९ नं वडामा रहेको **कालिका माध्यमिक विद्यालय, सुन्दरपानीको** भवन तथा घेराबार निर्माणका लागि यस वर्ष रु**. १ करोड ५ लाख ब**जेट व्यवस्था गरेको छु, साथै वडा नं १३ र १४ को माध्यमिक विद्यालय भवन निर्माणका लागि **रु १ करोड** बजेट व्यवस्था गरेको छु ।
59. यस नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा अध्ययनरत छात्राहरुको लागि नि:शुल्क स्यानीनेटरी प्याड वितरण कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिने व्यवस्था मिलाएको छु । **स्यानटरी प्याडको** स्थानीय स्तरमा उत्पादन तथा खरिद गर्ने कार्यका लागि यस वर्ष **२३ लाख ७७ हजार** बजेट व्यवस्था गरेको छु ।
60. संघिय सरकारको नीति अनुरुप **"शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न"** का लागि **"पढदै, कमाउदै"** कार्यक्रमलाई हरेक माध्यमिक विद्यालयमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।
61. आठविसकोट नगरपालिकाको भौगोलिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रको चिनारीको लागि बनेको स्थानीय पाठयक्रम **"मेरो आठविसकोट"** का आधारमा कक्षा १-६ सम्म लागु भएकोमा उक्त पाठयपुस्तकलाइ कक्षा ८ सम्म विस्तार गर्ने व्यवस्था मिलाएको छु ।
62. **हाम्रो स्कूल राम्रो स्कूल** भन्ने राष्ट्रिय नीतिलाई अंगीकार गर्दै नगरपालिकाको केन्द्र राडि ज्यूला र दुर्गम बस्तीको लागि **श्री हिमालय माध्यमिक विद्यालय खदीलाई** आवासीय सुविधा सम्पन्न स्मार्ट विद्यालय बनाउन संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।
63. सबै विद्यालयहरुमा एक/एक वटा स्तनपान कक्ष, आराम कक्षको व्यवस्था गरिनेछ ।

64. माध्यमिक तहका विद्यार्थीहरुलाई दैनिक पठनपाठनको अतिरिक्त विविध नगरस्तरिय प्रतियोगिता र खेलकुद लगायतका अतिरिक्त क्रियाकलापमा सहभागि हुने, प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाएको छ ।
65. माथि उल्लिखित कार्यक्रम संचालनका लागि रु १९ करोड २९ लाख बजेट छुट्याएको छ ।

**ग. स्वास्थ्य क्षेत्र :-**

66. नगरपालिका भरी रहेका सबै स्वास्थ्य संस्थाहरुबाट ९८ प्रकारका निःशुल्क औषधी वितरण हुने व्यवस्था मिलाएको छ । आकस्मिक स्वास्थ्य सेवा नि.शुल्क रुपमा प्रदान गरिनेछ । आकस्मिक घटना वा आपतकालिन अवस्थामा परि जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिमुक्त गर्न बनाउन आवश्यक व्यवस्था मिलाएको छ ।
67. गैर सरकारी तथा निजि स्वास्थ्य संस्थालाई प्रचलित कानुन बमोजिम स्वीकृती दिइ गैर सरकारी वा नीजि क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएका संस्था वा क्लिनिकलाई आवश्यक नियमन गर्ने व्यवस्था मिलाएको छ । आकस्मिक अवस्थाका व्यक्ति तथा गर्भवती ४२ दिनभित्रको सुत्केरीहरुलाई पालिका भरी नि.शुल्क एम्वुलेन्स सेवा प्रदान गर्ने संयन्त्रको व्यवस्था मिलाएको छ ।
68. **गरिब तथा अति विपन्न, द्वन्द्व पिडित परिवार**को सदस्यलाई प्राथमिकतामा राखि संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा नगरपालिकाका सबै घरपरिवार **नि.शुल्क स्वास्थ्य बीमा कार्यक्रममा** आबद्ध गराउने व्यवस्था मिलाएको छ । साथै, **अपाङ्गता भएका व्यक्ति, मनोसमाजिक अपाङ्गता भएका व्यक्ति, मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र हिंसा प्रभावित व्यक्ति**लाइ नेपाल सरकारले अवलम्बन गरेको **स्वास्थ्य बीमा कार्यक्रममा** क्रमशः समावेश गर्दै लगिनेछ ।
69. नसर्ने रोगको भारलाई मध्यनजर गर्दै प्रवर्द्धनात्मक तथा जीवनशैली परिवर्तनका लागि योग शिक्षा, आयुर्वेदिक, योगाहल तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । सेवाको पहुँच पुग्न नसकेका आम नागरिकहरुलाई समेट्ने गरी एकिकृत **वृहत स्वास्थ्य शिविर** सञ्चालन गर्ने व्यवस्था मिलाएको छ ।
70. **स्यालाखदी र गोतामकोट** क्षेत्रमा बिरामीहरुको सहजताको लागि थप एम्वुलेन्स सेवा सञ्चालन गरिने छ । यस कार्यबाट विकट क्षेत्रमा रहेका नगरवासीहरुको स्वास्थ्य उपचारमा मद्दत पुग्ने विश्वास लिएको छ ।
71. **गोतामकोट स्वास्थ्य चौकीलाई** सुरक्षित तथा व्यवस्थित प्रसुती सेवा प्रदान गर्नका लागि भौतिक पूर्वाधारको निर्माण गरिनेछ । साथै, दुर्गम क्षेत्रका बस्तीलाई मध्यनजर गर्दै थप वडाहरुका **आधारभुत स्वास्थ्य केन्द्रहरुमा प्रसुति सेवा विस्तार** गरिनेछ । सामुदायिक महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई महिला सामुदायिक स्वास्थ्य स्वंमसेविका रणनीति, २०७६ अनुसार व्यवस्थित गर्ने तथा **६० वर्ष पुगेकालाई सम्मानजनक विदाईका** लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरेको छ ।
72. आठविसकोट नगर अस्पतालबाट विशेषज्ञ सेवा दिनका निम्ति दुर चिकित्सा सेवा (Telemedicine) लाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ । गुणस्तरीय सेवा प्रवाह गर्न आवश्यक उपकरण, जनशक्ति (MDGP doctor) व्यवस्थापन, दन्त सेवा तथा प्रविधिमैत्री ल्याव सेवा विस्तार गर्ने व्यवस्था मिलाएको छ ।
73. **६० वर्ष माथिका ज्येष्ठ नागरिकलाई** आठविसकोट नगर अस्पतालबाट उपचारात्मक सेवामा लाग्ने शुल्कबाट ५० प्रतिशत छुट हुने व्यवस्था गरेको छ । यस वर्षमा आठविसकोट अस्पतालबाट पोष्टमार्टम सेवा सञ्चालन गरिनेछ । मानसिक तथा मनोसामाजिक समस्या भएका सम्पुर्ण नागरिकलाई आठविसकोट नगर अस्पतालबाट आधारभूत उपचार र मनोसामाजिक परामर्श सेवा नि.शुल्क हुने व्यवस्था मिलाएको छ ।

74. **पोषणमैत्री स्वास्थ्य तथा पोषणमैत्री स्थानीय पालिका** घोषणा प्रक्रियाको लागि आवश्यक योजना तर्जुमा गरिनेछ। समग्र स्वास्थ्य क्षेत्रको विकासका लागि ३ करोड ९५ लाख ३८ हजार बजेट विनियोजन गरेको छ।

**घ. सहकारी, गरिबी निवारण तथा रोजगार ब्यवस्थापन** :-

75. नगरपालिकाका दुर्गम तथा पिछडिएका क्षेत्रमा रहेका गरिव तथा अति विपन्न घरपरिवारलाई लक्षित गरि "**जनतासँग नगर प्रमुख कार्यक्रम"** सञ्चालन गरिनेछ। परिचय पत्र प्राप्त जनयुद्ध र जनआन्दोलनका शहिद परिवार, घाइते अपाङ्गता र वेपत्ताजनका परिवारलाई आत्मसम्मान हुने किसिमको कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु।
76. नगरपालिका क्षेत्रमा कार्यक्षेत्र भई सञ्चालनरत सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि तथा कानुन बमोजिम सहकारी संस्थाहरुको सुदृढीकरण, नियमन तथा अनुगमन हुने व्यवस्था मिलाइएको छ।
77. गरिवि निवारणका लागि लघु उद्यम कार्यक्रमलाई निरन्तरता दिने, नयाँ उद्यमी सञ्चालन गर्ने, उद्यमीहरुलाई प्रविधि सहायता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। स्थानीय स्तरमा रहेका घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने गरिने छ। यस कार्यका लागि १३ लाख बजेट व्यवस्था गरेको छु।
78. **प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमको** प्रभावकारी संयोजन गर्न रोजगार सेवा केन्द्रलाई थप व्यवस्थित बनाउने गरि सेवा प्रवाह हुने व्यवस्था मिलाइएको छ। संघिय सरकारको नीति अनुरुप वैदेशिक रोजगारमा जानका लागि श्रम स्वीकृती रोजगार सेवा केन्द्रबाट नै प्राप्त हुने गरि आवश्यक व्यवस्था मिलाइएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि रु १ करोड १० लाख ३ हजार बजेट व्यवस्था गरेको छु। साथै मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि रु १ करोड ५ लाख बजेट विनियोजन गरेको छु।
79. यस क्षेत्रको विकासका लागि जम्मा रु २ करोड १५ लाख ३ हजार बजेट विनियोजन गरेको छु।

**ङ. सूचना तथा संचार:-**

80. नेपाल टेलिकमको समन्वयमा आ.ब.२०८०/०८१ भित्र नेपाल टेलिकमको अप्टीकल फाईबर लाईन र ल्याण्ड लाइन सेवाको विस्तारको कार्य सम्पन्न गरिनेछ । नेटीलेख र नयाँडाँडामा रहेको टेलिफोन टावरको क्षमता वृद्धि गरी थप नयाँ ठाउँमा समेत टेलिफोनका टावर निर्माण कार्य अगाडि बढाइने छ।
81. नगरपालिकाको राडी, सिमबजार, खदी, गोतामकोट लगायतका घना बस्ती विकास भईरहेका क्षेत्रमा सौर्य बत्ती र CCTV जडान गर्ने व्यवस्था मिलाएको छु।
82. नगरपालिकाका सवै कार्यालयहरुबाट सेवा प्रवाहमा चुस्त दुरुस्त बनाउन सूचना प्रविधीमैत्री बनाउने व्यवस्था मिलाएको छु। जसको लागि सबै सरकारी कार्यालयहरुमा कम्प्युटर, इन्टरनेट, CCT, डिजिटल हाजिरी लगाएतका उपकरणहरु जडान गरिनेछ। नगरपालिकाका सवै सवारी साधानहरुमा GPS जडान गरी नियमन गर्ने व्यवस्था मिलाएको छु।
83. सूचना तथा सञ्चार क्षेत्रको विकासका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

**च. उद्योग तथा वाणिज्य :-**

84. नगरपालिका भित्र स्थापना भएका उद्योगहरुको संरक्षण प्रवर्द्धन र विकासका लागि विशेष व्यवस्था गरिने छ। उद्धमी, नगरपालिका र कर्णाली प्रदेश सरकारको सह-लगानीमा फलफूलमा आधारित उद्योगको प्रवर्द्धन गर्न आवश्यक व्यवस्था

मिलाएको छु । नगरपालिका क्षेत्रभित्र स्थापना भएका उद्योगहरुको संरक्षण, प्रवर्द्धन र विकासका लागि विशेष व्यवस्था मिलाइएको छ । नगरपालिकाको सह-लगानीका उद्योगहरुबाट मुनाफा फिर्ता हुने व्यवस्था मिलाइनेछ ।

85. नगरपालिकाका पूर्वाधारहरुमा लगानीका विभिन्न वित्तीय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने कार्यक्रमहरु सञ्चालन हुनेछन ।
86. उल्लिखित कार्यक्रम संचालन गर्नका लागि रु २३ लाख बजेट विनियोजन गरेको छु ।यस कार्यका लागि आवश्यक पर्ने थप बजेट संघ तथा प्रदेश सरकार मार्फत व्यवस्था हुने प्रबन्ध मिलाएको छु ।

**छ. युवा तथा खेलकूद :-**

87. नगरपालिकाको खेल क्षेत्रको विकासको लागि नगरपालिकाको केन्द्रमा १ वटा सुविधा सम्पन्न कभर्ड हल, खेल मैदान र वडा स्तरमा खेलकुद कार्यक्रम सञ्चालनका लागि खेल मैदानहरु निर्माण गरिनेछ । विद्यालय स्तरिय र वडा स्तरीय खेलकुद प्रतियोगिताहरुलाई निरन्तरता दिईनेछ ।खेलाडी उत्पादन र क्षमता विकासमा विशेष जोड दिइने छ । जसका लागि आवश्यक तालिम तथा अध्ययनको व्यवस्था हुने गरि बजेटको व्यवस्था मिलाएको छु ।
88. **"युवासँग सरकार, हुने छैनन वेरोजगार"** भन्ने राष्ट्रिय नीतिलाई अंगिकार गर्दै श्रम र विकासमा युवाहरुलाई परिचालन गरिने छ । यस कार्यका लागि यूवाहरुलाई रोजगारमुलक तालिम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।
89. श्रम सहकार्य समुह र सहकारी अवधारणा अनुरुप प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रममा युवा सहभागितामा जोड गरिनेछ । उद्योग, ब्यवसाय आदिमा युवा शक्तिको परिचालन गर्ने व्यवस्था मिलाइएको छ ।
90. यूवा तथा खेलकुद क्षेत्रको विकासका लागि रु ११ लाख रकम विनियोजन गरेको छु । यस कार्यका लागि अपुग हुने बजेट संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा प्रबन्ध हुने व्यवस्था गरेको छु ।

**ज. सामाजिक सुरक्षा तथा समावेशीकरण :-**

91. लैंगिक समानता तथा महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहिकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गर्ने गरि विभिन्न कार्यहरु सञ्चालन गरिनेछ । नगरपालिका क्षेत्रमा सञ्चालित आयोजना तथा कार्यक्रममा कम्तिमा ३३ प्रतिशत महिला र ५ प्रतिशत अपाङ्गता भएका व्यक्ति, लक्षित समुदायको सहभागिता सुनिश्चित हुने व्यवस्था मिलाइएको छ ।लक्षित वर्ग क्षेत्र एवं समुदाय केन्द्रित व्यवसायिक एवं सीपमुलक तालिमहरु सञ्चालन गरि त्यस्ता वर्गको सशक्तिकरण गर्ने नगर सरकारको नीति सफल बनाउन लक्षित वर्ग विशेष कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।
92. समाजमा कुसंस्कारको रुपमा रहेको बालविबाहलाई न्यूनिकरण गर्न चेतनामुलक कार्यक्रम गरिनेछ । टुहुरा अनाथ एवं संरक्षण विहीन बालबालिकालाई वैकल्पिक संरक्षणका लागि उचित व्यवस्थापनका लागि पहल गरिनेछ ।
93. महिला सशक्तिकरणको लागि प्रत्येक टोल तथा वडामा महिला समुह एवं समिति गठन गरी नगरपालिकामा सुचिकृत गर्न आवश्यक कार्यविधि बनाइ कार्यान्वयन गरिनेछ । सुचिकृत सबै समुहलाई अनुशिक्षण तालिम दिइनेछ । प्रत्येक वडामा रहेका महिलालाइ समितिमा आवद्ध गरि आयआर्जन सम्बन्धी तालिम दिने व्यवस्था मिलाएको छु ।
94. लैंगिक तथा घरेलु हिंसा न्यूनिकरण गर्न चेतनामुलक कार्यक्रम गरिनेछ । आफ्नै सन्तानको घृणित व्यवहारको कारण अपहेलित र जोखिममा रहेका ज्येष्ठ नागरिकहरुलाई सम्मानपुर्वक वातावरणमा जिउने अवस्था सुनिश्चित गर्न अन्तरपुस्ता सीप हस्तान्तरण लगायतका चेतनामुलक कार्यक्रमहरु सञ्चलान हुने व्यवस्था मिलाएको छु ।

95. अपांगता भएका व्यक्तिलाई सीपमुलक एवं व्यवसायिक तालिम मार्फत रोजगारीमा जोड दिइनेछ । छुवाछुत विरुद्धको जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ । जातिय छुवाछुत, लैंङ्गिक हिंसा अन्त्य गर्न प्रभावकारी अभियान सञ्चालन गर्ने गरि बजेटको व्यवस्था गरेको छु ।

96. नारी दिवस तथा लैगिक हिंसा विरुद्ध सञ्चालन गरिने विभिन्न जनचेतनामूलक दिवसीय कार्यक्रमहरुलाई प्रभावकारी, फलदायी तथा परिणाममुखी बनाइनेछ । नगरपालिकामा गठित विभिन्न महिला सहकारी तथा अन्य समुहलाई सकृय, जुझारु बनाउन विभिन्न सीपमुलक तालिम तथा क्षमता अभिवृद्धि गराई रोजगारी र आयआर्जनमा जोड दिइनेछ ।

97. सहिद तथा वेपत्ता योद्वाका परिवार, घाइते योद्वाहरुको यथोचित व्यवस्थापन तथा द्वन्द्व प्रभावित व्यक्तिहरुको यथोचित र दिगो व्यवस्थापन तथा सम्मानका कार्यक्रमहरु सञ्चालन गरिनेछ । जुनसुकै किसिमका महिला हिंसा विरुद्ध कठोर कदम चालिनेछ । महिला हिंसाको प्रमुख कारणको रुपमा रहेका पितृसत्तात्मक सोंच, अशिक्षा, गरिबी, अभाव,अन्धविश्वास पछौटेपन हटाउन "**उपप्रमुखसँग महिला विशेष कार्यक्रम**"का लागि बजेटको व्यवस्था गरेको छु ।

98. असल सामाजिक मुल्य मान्यताको संरक्षण एवं संवर्द्धन गरिनेछ । वालविबाह गर्ने गराउने दुवैलाई कानुनको कठघरामा उभ्याइनेछ । वालविबाह, बहुविबाह, दाइजो, बोक्सीको आरोप, छुवाछुत एवं अन्य सामाजिक कुरीति अन्त्य गर्न विशेष सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

99. यस कार्यका लागि १ करोड १० लाख ३ हजार २ सय २० रुपैया बजेट विनियोजन गरेकोछु ।

### झ. सडक तथा पुल-पुलेसा तथा अन्य सार्वजनिक निर्माण:-

100. सार्वजनिक निर्माणको कार्यमा जनसहभागिता सुनिश्चित गर्ने नगरसरकारको नीति अनुरुप नगरपालिका क्षेत्रमा सञ्चालन हुने हरेक आयोजनाहरुमा जनसहभागिता बनाउन योजना प्रभावित क्षेत्रका वासिन्दालाई अनिवार्य श्रमदानमा सहभागि हुने व्यवस्था मिलाइनेछ । साथै सबै जनप्रतिनिधी, कर्मचारी , शिक्षक, युवा लगायतले हरेक महिना अनिवार्य श्रमदानमा सहभागी गराई श्रमदान अभियान सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

101. नगर भित्रका सबै सडकको समयमै मर्मत संभार हुने व्यवस्था मिलाएको छु । नगर भित्रका सडक मर्मत सम्भारका लागि रु १ करोड बजेट व्यवस्था गरेको छु ।

102. नगरपालिकाको गौरवको योजनाको रुपमा रहेको **दाजे-खदि-वारिङ्गे सडक** निर्माण तथा राष्ट्रि लोकमार्गको **साजेबगर पहाडा नयाडाँडा सडक खण्ड** निर्माण सम्पन्न गर्न विशेष पहल गरिने छ ।

103. वडा नं. १, २ र ३ लाई आ.ब.२०८०/८१ भित्र जोड्न प्रयास केन्द्रित गरिनेछ । पहाडा, पाटागाउ, छिमि, जागे जलिगार जस्ता दुरदराजका गाउंहरु सम्म सडक संजाल पुर्याउन निर्माण कार्य अगाडि बढाइएकोमा यस योजनालाई यस वर्ष पनि निरन्तरता दिने गरी आवश्यक व्यवस्था मिलाएको छु ।

104. नगरपालिका क्षेत्रमा सडक यातायात गुरुयोजना अन्तर्गत परेका खोला तथा नदीहरुमा मोटर पुल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन गर्ने र निर्माणका लागि आवश्यक पहल गरिनेछ । लामो सूची अन्तर्गतका झो.पु.हरुलाई प्राथमिकताको आधारमा निर्माण कार्य जारी राखिनेछ ।

105. **राडीज्यूला- सिमबजार- गोतामकोटमा** सडक कालोपत्रे गर्ने कार्यको गुणस्तरता कायम राखि निर्माण कार्य सम्पन्न गर्ने गरी संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

106. सबै वडामा क्रमश: सामुदायिक महिला भवन निर्माण गरिने छ । यस वर्ष वडा नं १४ मा सामुदायिक महिला भवन निर्माण गरिने छ।

107.नगरपालिकाको वडा नं ११ मा शहिद प्रतिस्थानको भवन निर्माण कार्य सुरुवात हुने गरिनेछ। सहिद प्रतिष्ठानको भवन निर्माण कार्यका लागि रु ४० लाख बजेट व्यवस्था गरेको छु।

108.नगरपालिकाको मुख्य प्रवेशद्वार तथा मुख्य स्थलहरुमा जनयुद्व, जनआन्दोलन तथा व्यवस्था परिवर्तनका लागि विभिन्न समयमा भएका आन्दोलनमा सहादत प्राप्त सम्पूर्ण सहिदहरुको सम्झनामा सहिद गेट, शालिक र युद्व स्मारकहरु निर्माण गर्न आवश्यक व्यवस्था मिलाएको छु।

109.सडक तथा पुल-पुलेसा तथा अन्य सार्वजनिक निर्माण कार्यका लागि रु ६ करोड ८४ लाख बजेट विनियोजन गरेको छु ।

**छ. सिंचाई, खानेपानी तथा सरसफाई:-**

110.नगरपालिका क्षेत्रका सबै वडाहरुमा पूर्ण सरसफाइ विशेष अभियान सञ्चालन गरिनेछ। नगरपालिका क्षेत्रका सबै वडाहरुमा क्रमश **एक घर एक धारा** निर्माणका कार्यहरुलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु। राडिज्यूला वृहत खानेपानी आयोजनाको निर्माण कार्य यसै वर्ष सुरुवात हुने व्यवस्था गरेको छु।

111.नगरपालिकाको ३ नं वडामा यस वर्ष पक्की धारा र सुरक्षित शौचालय निर्माण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

112.**"सिचाइ खानेपानी र सरसफाई, भोक, रोग र अभाव सवै बाइबाई"** भन्ने नारालाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ। नगरवासी सबै घरपरिवारलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न संघीय र प्रदेश सरकारसँग थप समन्वय गरिनेछ ।

113.प्रदेश तथा संघिय सरकारसंगको समन्वयमा **गोतामकोट बृहत खानेपानी तथा सिंचाई योजना** पूरा गरिनेछ ।नगरपालिकाका सबै किबी तथा ओखर पकेट क्षेत्रमा साना सिंचाई आयोजनाहरु संचालन गरिनेछन् । घर आँगन टोल बस्ती सरसफाइको लागि विशेष अभियान थालिने छ । खेती योग्य जमिनका लागि आवश्यक सिँचाई गर्न लिफ्ट सिँचाई आयोजनाहरु सञ्चालन गरिनेछ ।

114.यस क्षेत्रको विकासका लागि ७२ लाख बजेट विनियोजन गरेको छु ।

**ज. विद्युत तथा वैकल्पिक ऊर्जा:-**

115.विभिन्न कारणले ग्रामीण विद्युतिकरणमा केहि ढिला भए तापनि **आर्थिक वर्ष** २०८०/८१ भित्र नगरका सबै वडामा केन्द्रिय प्रशारण लाईनको विद्युत सेवा पुर्‍याउने व्यवस्था मिलाइनेछ । नगरपालिका भित्र विद्युत उत्पादनको ग्रिड समायोजन तथा थप विद्युत उत्पादनको संभाव्यता अध्ययन गर्ने कार्यलाई अगाडि बढाइने छ ।

116.नगरपालिकाका सबै सरकारी कार्यालय तथा सामुदायिक विद्यालयहरुमा केन्द्रिय प्रशारण लाइनको विद्युत जडान गर्ने व्यवस्था मिलाइने छ। केन्द्रिय प्रशारण लाइनको विद्युत पुग्न नसकेका स्थानहरुमा वैकल्पिक उर्जाको जडानका लागि आवश्यक व्यवस्था मिलाइने छ। वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन र सहुलियत प्रदान गरिने छ ।

117. विद्युत तथा उर्जा क्षेत्रको विकासका लागि संघ तथा प्रदेश सरकारको समन्वयमा आवश्यक बजेट व्यवस्था गर्ने गरी रु. १७ लाख विनियोजन गरेको छु ।

**झ. भवन तथा शहरी आवास :-**

118.राष्ट्रिय भवन संहिता सम्बन्धी नीति पूर्ण रुपमा पालना गरी नक्सापास पास नगरी घर टहरा निर्माण गर्ने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिएको छ। नक्सा पास नगरी निर्माण भएका भवनहरु एक पटकका लागि अभिलेखीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

119.वडा नं १ र २ का वडा कार्यालय भवन निर्माणको बाँकी कार्यहरु पूरा गरी यसै वर्ष सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। यसै वर्ष यस नगरपालिकाको ७ र १३ नं वडा कार्यालयका भवनहरु निर्माणको लागि निर्माण कार्य सुरू गरिनेछ। वडा कार्यालयका भवनहरु निर्माणका लागि रु ४ करोड बजेट व्यवस्था गरेको छु।

120. नगरपालिकाको प्रशासनिक भवनको निर्माण कार्यका यस वर्ष रु १ करोड बजेट व्यवस्था मिलाएको छु। सो भवन निर्माणका लागि आवश्यक बजेटका लागि संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गर्ने व्यवस्था मिलाएको छु।

121.आठविसकोट नगरपालिकाको इलाका प्रहरी कार्यालयको भवन निर्माणका लागि सार्वजनिक खरिदका कार्यहरु यसै वर्ष अगाडि बढाइने छ।

122. नगरपालिकाको राडी बजार र सिमजारलाई व्यवस्थित बजार बनाउन जग्गा वर्गीकरण गर्न र विस्तृत आयोजना प्रतिवेदन तयार गर्न संघीय र प्रदेश सरकारको समन्वयमा आवश्यक बजेट विनियोजन गरेको छु।

123.सुरक्षित नागरिक आवास व्यवस्थापन गर्न आवश्यकताका आधारमा वडागत रुपमा कार्यक्रम लागु गरिने छ। गत आर्थिक वर्षमा जस्तै यस आर्थिक वर्षमा पनि "**फुसको छानामुक्त कार्यक्रम**"लाई निरन्तरता दिइएको छ। अति विपन्न घर परिवारलाई आवासको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरी कार्यक्रम सञ्चालित वडालाई निरन्तरता दिदै नयाँ आवास निर्माण कार्य थालनी गरिने छ। संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा जोखिमयुक्त क्षेत्रको पहिचान गरी **एकिकृत तथा व्यवस्थित आवास क्षेत्र निर्माण**को कार्य थालनी गर्ने व्यवस्था मिलाएको छु। सुरक्षित नागरिक आवास कार्यक्रमका लागि रु ४३ लाख बजेट व्यवस्था गरेको छु।

भवन तथा सहरी विकासकालागि जम्मा रु ८ करोड २२ लाख ७७ हजार बजेट विनियोजन गरेको छु।

**ञ. धार्मिक, संस्कृति तथा पर्यटन :-**

124.**"विभेदरहित समाजको निर्माण सामाजिक मुल्य मान्यता र संस्कृतिको सम्मान"** भन्ने नारामा केन्द्रित हुदै सामाजिक विभेदको रुपमा रहेको जातीय छुवाछुत तथा सामाजिक विभेदलाई न्यूनिकरण गर्न सामाजिक सुरक्षा तथा रुपान्तरण सम्बन्धी कार्यक्रमहरु यस वर्ष पनि सञ्चालनमा रहने गरी आवश्यक व्यवस्था मिलाएको छु।

125.समाजवादको आधार तयार गर्न आवश्यक पर्ने आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणका लागि विशेष गरि उत्पादन वृद्धि, उद्यमशिलताको विकास, रोजगारी सिर्जना र सामाजिक न्याय र गरिवी न्यूनिकरणका कृयाकपालहरु सञ्चालन गर्ने गरी आवश्यक बजेट व्यवस्था गरेको छु।

126.नगरपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पर्यटकीय संभावना बोकेका स्थलहरुको DPR तयार गरी पर्यटकीय स्थलको विकास गर्न आवश्यक पहल गरिनेछ।

127. **झारमारे, साईकुमारी, काँडा दह, सिस्ने हिमाल, सम्पेताल, नयाँडाडा, चित्रीपाटन, मैडाडा, विजारे, रातामाटा, मैराजे, बन्चरे, मौराखारा, साततले गुफा, कुरे पानी, लामकाने गुफा, ठूलाकोट दरबार क्षेत्र, त्रिवेणी, छिमी**

लगायतका पर्यटकीय स्थलमा आवश्यक पर्यटनका पूर्वाधारहरु संघ र प्रदेश सरकार समेतको समन्वयमा विकास गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

128.शाही ढुङ्गा र रिंगाउरामा स्टोन पार्क स्थापनाका लागि आवश्यक पहल गरिने छ ।

129. नगरपालिका क्षेत्रभरिका सामुदायिक चर्च भवन तथा मठमन्दिर निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छु । परम्परागत लोक संस्कृतिको संरक्षण र विकासको लागि विभिन्न प्रतियोगिताहरुको आयोजना, वाद्यवादनका सामाग्री हस्तान्तरण लगायतका कार्यक्रमहरु गरिनेछ । सामाजिक कार्य र संस्कारहरुको कार्यान्वयन सहजताको लागि केही पूर्वाधारको विकास गरिनेछ ।

130.यस क्षेत्रको विकासका लागि रु ३ लाख विनियोजन गरेको छु । धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकासका लागि थप नपुग बजेट संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने गरी आवश्यक प्रबन्ध मिलाएको छु ।

**ट. वन, वातावरण, भू-संरक्षण, विपद तथा फोहोरमैला व्यवस्थापन:-**

131.**"हाम्रो शहर, हरियो नगर"** भन्ने नारालाई अंगिकार गर्दै प्रत्येक नगरवासीले घर आँगन तथा खुला ठाँउमा अनिवार्य वृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । साथै, नगरपालिकाको क्षेत्राधिकारभित्र रहेको नदि तथा खोला किनार, खाली पाखाहरुमा वृक्षारोपण कार्यक्रममा वृक्षारोपण कृयाकलापमा सबै नगरवासीको सहभागिता हुने व्यवस्था मिलाइएको छ ।

132.विपद व्यवस्थापन तथा स्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि गर्न विपद तथा महामारीको बेला पुर्व तयारीको व्यवस्था गरिनेछ । विपदको समयमा स्वास्थ्य सेवा सुनिश्चत गर्न द्रुत प्रतिकार्य टोली व्यवस्था गरि परिचालन गरिनेछ । नगरपालिका भित्रको वन क्षेत्रमा पाइने जडिबुटी सम्बन्धी अध्ययन प्रतिवेदनलाई लागु गरिने छ । औषधी जन्य, मसलाजन्य, रेसादार र काष्ठ जन्य वन पैदावार कुन क्षेत्रमा के कति छ र व्यावसायिक उत्पादनको संभावना के कस्तो छ भन्ने सन्दर्भमा वन क्षेत्रको अध्ययन गरी एक प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाएको छु ।

133. आम वातावरण स्वस्थ राख्न वास प्लान (WASH PLAN) को कार्यान्वयन हुने कार्यक्रमहरु सञ्चालन हुनेछन। जलवायू अनुकुलनका गतिविधीहरु सञ्चालनमा रहनेछन । नगरपालिकाका घना बस्तीहरुमा ढल निकासको प्रबन्ध गरिनेछ । नगरपालिकाको केन्द्र रहेको बजार क्षेत्रको फोहोहरमैला व्यवस्थापनको लागि डीपीआर भएको स्थानमा ल्यान्डफिल्ड साईट निर्माण **कार्य यसै वर्ष सुरु गर्ने व्यवस्था मिलाइएको छ ।**

134.गोवाङखोला देखि त्रिवेणी, करवगाडसम्म भेरी नदीको किनारको जोखिम ठाँउमा तटबन्ध गर्न बजेट व्यवस्थाका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वयमा आवश्यक बजेट प्राप्त हुने व्यवस्था मिलाएको छु ।

135.यस क्षेत्रको विकासका लागि रु १ लाख विनियोजन गरेको छु । बाँकी बजेट प्रदेश सरकारसँगको समन्वयमा आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

**ण. संस्थागत विकास सुशासन तथा सेवा प्रवाह :-**

**अ. संगठनात्मक विकास तथा मानव संशाधन, संस्थागत क्षमता विकास, स्रोत परिचालन र सुशासन:**

136. स्थानीय तहबाट प्रदान गरिने सबै सेवा प्रवाहलाई सूचना प्रविधीमैत्री बनाउने व्यवस्था मिलाइएको छ। **Right man is right place** को सिद्धान्त अनुसार दरबन्दी संरचना अनुसार जनशक्ति व्यवस्थापन हुने व्यवस्था मिलाएको छु।

137.आठविसकोट नगरपालिका वडा नं.१,२ र ३ मा रहेका नगरपालिका अन्तर्गतका कार्यालयहरुबाट सहज सेवा प्रवाह गर्न बाहिरबाट जाने कर्मचारीहरुलाई कार्यविधी निर्माण गरी थप प्रोत्साहनको व्यवस्था गरेको छु ।

138. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र सेवाग्राहीमुखी बनाउन विशेष जोड दिइने छ । सार्वजनिक प्रशासनलाई स्वच्छ , सेवामूखी, छरितो तथा पेशागत अनुशासनप्रति प्रतिबद्ध बनाईनेछ । अनलाइन मार्फत हुने भुक्तानी सेवा (EFT) लाई थप व्यवस्थित बनाइनेछ ।

139. ऐन, नियमावली अनुसार सेवा प्रवाहमा खटिने कर्मचारीको कार्यसम्पादन तथा मुल्याङ्कनको आधारमा उचित दण्ड तथा प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था मिलाएको छु। संघीय निजामति सेवा ऐन बनि नसकेको अवस्थामा रहेकोले कर्मचारीहरुको वृत्ति विकाश र व्यवस्थापनको लागि स्थानिय सेवा ऐन निर्माण गरि लागू गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

140. हाल **स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारी** तथा **लामो समय देखि स्थानीय करार सेवामा कार्यरत कर्मचारीहरुको** नियमानुसार अवकास हुँदा आवश्यक पर्ने बजेटको व्यवस्था मिलाएको छु।

141. नगरपालिकाका सबै कर संकलन कार्य डिजिटल माध्यमबाट संकलन गर्ने र प्रतिवेदन गर्ने नीति अनुरुप नगरपालिकाको सबै कर संकलन केन्द्रमा महालेखा नियन्त्रकको कार्यालयको SUTRA को राजश्व मोडलबाट अनिवार्य सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

142. नगरपालिकाको सार्वजनिक सम्पत्तिको सुरक्षाको प्रबन्ध गर्नका साथै नगरपालिकाको राजश्व संकलनको लागि समेत नगर प्रहरी परिचालन हुने व्यवस्था मिलाएको छु। नगरपालिकाको ६ नं वडाको त्रिवेणी, वडा नं ३ को झारमारे र वडा नं १४ को छेपारेमा कर संकलन केन्द्र पुनस्थापना गरिनेछ। यसका लागि आवश्यक पर्ने जनशक्ति तथा स्रोत साधन व्यवस्थापन गर्न आवश्यक पर्ने बजेट व्यवस्था मिलाएको छु।

143.सबै सार्वजनिक खरिद प्रक्रियाहरुलाई पूर्णत विद्युतिय माध्यमबाट प्रतिस्पर्धात्मक हुने व्यवस्था मिलाएको छु। खरिद कार्यमा खटीने जनशक्तिको तालिम, अभिलेख व्यवस्थापनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गरेको छु।

144. कार्यसम्पादन क्षमता अभिबृद्धिको लागि विभिन्न पेशागत तथा क्षमता विकास तालिमहरु संचालन गरिनेछ । प्राविधिक सेवाका कर्मचारीहरुलाई विभिन्न स्तरका तालिममा सहभागि हुने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको छ।

145. सामाजिक उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई तथा सबै कामकाजको सार्वजनिकिकरण ४/४ महिनामा गर्ने व्यवस्था मिलाइएको छ । सार्वजनिक जवाफदेहिताको लागि सार्वजनिक सूचना प्रबाहका माध्यमहरु, रेडियो, छापा, मिडिया, सामाजिक संजाल आदिको प्रयोगलाई प्रोत्साहन गरिनेछ । राज्यको चौंथो अंगको रुपमा रहेको पत्रकारिता क्षेत्रको बिकास तथा प्रोत्साहनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु

146.योजना अनुगमन प्रणालीलाई वस्तुनिष्ठ र नतिजामूलक बनाउने र आवश्यक्तानुसार अनुगमनको पनि पुन: अनुगमन गर्ने प्रणालीको विकास गर्न आवश्यक प्रबन्ध मिलाएको छु । संघ प्रदेश र स्थानीय तहबाट बजेट योजना कार्यान्वयनको प्रभावकारिता लागत र दिगोपनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन विशेषज्ञ, संचारकर्मी र सरोकारवाला सहितको अनुगमन संयन्त्र बनाई अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । यस क्षेत्रको विकासका लागि **रु १७ करोड ५७ लाख ३१ हजार** बजेट विनियोजन गरेको छु ।

**आ. सरकारी तथा गैह्र- सरकारी संस्था :-**

147.नगरपालिकामा कार्यक्षेत्र भएका विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु । ती संस्था मार्फत भए गरेका योजना तथा कार्यक्रमहरुको संयुक्त अनुगमन तथा मूल्याङ्कन हुने व्यवस्था मिलाएको छु । सबै गैर सरकारी क्षेत्रका संघ संस्थाहरुले नगरपालिकामा कार्यान्वयन हुने आयोजनाहरुको बजेट तथा कार्यक्रम नगर कार्यपालिकाबाट स्वीकृत गराउने प्रबन्ध मिलाएको छु ।

148.यस वर्ष गैर सरकारी संस्थाहरु अन्तरगत **CMC नेपालको रु २६ लाख ८३ हजार ३७ रुपैया, वान हर्ट इन्टरनेश्नल/RSDC को रु ४५ लाख २० हजार १ सय २ रुपैया, पहाडी क्षेत्र विकास अभियान/हेल्भेटास नेपालको रु. ५० लाख, जनजागरण मतञ्च नेपालको रु......... र शान्ती नेपालको रु ४१ लाख ९८ हजार ४ सय बयासी रुपैया** विभिन्न सामुदायिक परिचालन कार्यमा सञ्चालन हुने गरी बजेटमा समावेश गरेको छु ।

**इ. समन्वय तथा सहकार्य:-**

149.संविधानमा उल्लेख भएको क्षेत्राधिकारलाई प्रयोग गर्दै संघ, प्रदेश र स्थानिय तह वीच समन्वय, सहकार्य र सह अस्तित्वको अवस्था सृजना गर्न सके मात्र संघीय व्यवस्थाभित्र जनताका अपेक्षाहरु सजिलोसंग पूरा गर्न सकिन्छ । तसर्थ नगर सरकार माथिल्लो तहका सरकारहरुसंग सहकार्य र समन्वय हुने **व्यवस्था गरेको** छु ।

150.संघ, प्रदेश र स्थानीय तहको समन्वयात्मक सहकार्य मार्फत कार्य गर्ने गरी जिल्ला प्रशासन कार्यालयको अभिलेख व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

151.नगरपालिका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको अभिलेखाङ्कन गर्न नगरपालिकाको अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा एक समन्वय इकाई खडा गरि कार्यको थालनी गरिनेछ । यस कार्यका लागि आवश्यक पर्ने बजेट प्रशासनिक खर्चबाट हुनेगरी विनियोजन गरेको छु।

152. नगरपालिकाका अन्तर्गत सबै वडाहरुमा गठन भएका मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गरिने छ । न्यायिक समितिको कार्यसम्पादनलाई चुस्तदुरुस्त बनाइनेछ । न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा कर्मचारीहरुको क्षमता विकास तालिम सञ्चालन गरिनेछ । न्यायिक समितिको इजलास थप व्यवस्थित गर्ने लगायतका कार्य गर्न रु ५ लाख विनियोजन गरेको छु ।

**ई. वडागत विनियोजन :**

153.वडाको आवश्यक पूर्वाधार विकास निर्माण र संघीयताको आधारभूत अभ्यास स्वरुपको कार्य गर्न वडागत रुपमा पनि योजना निर्माण गरी कार्यक्रम र बजेट तय गर्न वडागत रकम विनियोजन गरिएको छ ।

154.यस कार्यका लागि रु ३ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

**उ. दायित्व भुक्तानी :**

155.संघीय सरकारबाट प्राप्त हुने भन्दा कम बजेट प्राप्त भई काम सम्पन्न भएका तर भुक्तानी हुन बाँकी आयोजनाहरुको भुक्तानी दिनका लागि १ करोड ५४ लाख ९१ हजार विनियोजन गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

156.अब म, माथि प्रस्तुत गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटको विनियोजन र स्रोत व्यवस्थाको अनुमान सम्बन्धी योजना पेश गर्दछु ।

157.आगामी आर्थिक वर्षको लागि **रू. ६३ करोड ५० लाख ६४ हजार ४ सय** ४८ मात्र विनियोजन गरेको छु । कुल विनियोजन मध्ये **चालुतर्फ** ४० **करोड ५०लाख** २५ हजार ४ सय ४८ मात्र अर्थात ६३.७८ **प्रतिशत** र पुँजीगततर्फ **२३ करोड ३९ हजार** रुपैया मात्र अर्थात ३६.२२ **प्रतिशत** रहेको छ ।

158.आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट **रू. २ करोड ८५ लाख** अर्थात **४.४९ प्रतिशत**, संघीय सरकार वित्तीय समानीकरण अनुदानबाट **रू. १० करोड ८० लाख** अर्थात् **१७.०१ प्रतिशत**, संघीय सःशर्त अनुदानबाट (चालु) रू. **२४ करोड १४** लाख अर्थात् **३८.०१** प्रतिशत, संघीय सःशर्त अनुदानबाट (पूँजीगत) **रू. १ करोड ३९ लाख** अर्थात **२.१९ प्रतिशत**, संघीय सरकार राजश्व बाँडफाँटबाट **रु १३ करोड ३८ लाख २२** हजार अर्थात् **२१.०७ प्रतिशत**, संघीय समपूरक अनुदानबाट **रु ५० लाख** अर्थात् **०.०८ प्रतिशत**, संघीय विशेष अनुदानबाट **रु १ करोड ९० लाख** अर्थात् **२.९९ प्रतिशत**, प्रदेश सरकार वित्तिय समानीकरण अनुदान **रु १ करोड २१ लाख ७७ हजार** अर्थात **१.९२ प्रतिशत**, प्रदेश राजश्व बाँडफाँटबाट **रु २० लाख ७७ हजार ४ सय ४८** मात्र **अर्थात् ०.३३** प्रतिशत, प्रदेश सरकार स:शर्त अनुदानबाट (चालु) **रु ३ करोड ५१ लाख ८८ हजार अर्थात् ५.५४** प्रतिशत, प्रदेश सरकार स:शर्त अनुदानबाट(पुँजीगत) **रु २ करोड १० लाख अर्थात् ३.३१** प्रतिशत, प्रदेश सरकार समपूरक अनुदानबाट **रु १ करोड ५० लाख** अर्थात् **२.३६ प्रतिशत** खर्च व्यहोर्ने प्रक्षेपण गरेको छ ।

**अध्यक्ष महोदय,**

159.आर्थिक वर्ष २०८०/८१ का लागि आन्तरिक राजश्व परिचालन गर्न निम्नानुसारका कार्य गरिने छन् :–

क.संविधान बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्वन्धि अधिकारको प्रयोग गर्दै नगरपालिकालाई आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करका दरहरु निर्धारण गर्ने,

ख.सम्पत्ति कर, घर बहाल कर र व्यवसाय करलाई पूर्ण रुपमा कार्यान्वयन गर्दै यसलाई व्यवस्थित र वैज्ञानिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,

ग. राजश्व छलि र चुहावट हुन नदिन आवश्यक कानूनी व्यवस्था गर्दै कर प्रशासनलाई चुस्तदुरुस्त तुल्याउन उत्प्रेरणात्मक र दण्डात्मक दुवै तरिकाहरु अवलम्बन गर्ने,

घ. करदाता शिक्षालाई व्यापक रुपमा फैलाउँदै कर सम्बन्धी सचेतनाको विकास गर्ने

ङ. सबै प्रकारका आर्थिक कृयाकलापलाई करको दायरामा ल्याई कर तिर्ने प्रवृत्तिमा जोड दिने ।

च. नगरपालिकाका उपयुक्त स्थानहरुमा कर संकलन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने,

छ. ढुङ्गा, गिट्टी तथा वालुवामा लाग्ने दहत्तर/ बहत्तर कर संकलन कार्यलाई कडाइका साथ लागू गर्ने

160. राजश्व परिचालन नीति सम्बन्धी उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरिनेछन्:-

(क) राजश्व व्यवस्थापन सूचना प्रणालीलाई कडाइका साथ लागू गरि अनलाईन मार्फत मात्र राजश्व संकलन गर्ने व्यवस्था मिलाईनेछ । यसका लागि नेपाल सरकार महालेखा नियन्त्रकको कार्यालयबाट विकास गरिएको SUTRA को राजश्व मोडल प्रयोग गरी नगरपालिकाको कार्यालय र सबै वडा कार्यालयबाट राजश्व संकलन गर्ने व्यवस्था मिलाइने छ ।

(ख) करदातालाई बैंक, QR कोड मार्फत पनि कर तिर्ने तथा दाखिला गर्न सक्ने गरि आवश्यक व्यवस्था मिलाइनेछ

(ग) सार्वजनिक सेवा र राजश्वविचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सार्वजनिक सेवाबाट वञ्चित गराउने एवम् कुनै पनि उपभोक्ता समिति, समूह, सहकारीमा कामकाज गर्न वा सदस्य हुन अयोग्य ठहरिने गरी आवश्यक व्यवस्था मिलाइने छ ।

(घ) करदाताले तिरेको सबै करको जानकारी दिने गरी **एकीकृत करदाता कार्ड बनाई** लागू गरिनेछ र सोही कार्डको आधारमा सेवाप्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाइनेछ ।

(ङ) करको दरभन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिनेछ्

**अध्यक्ष महोदय,**

161. बजेट निर्माणको क्रममा आ–आफ्नो तर्फबाट सुझाव दिनु हुने सम्पूर्ण पदाधिकारी, राजनैतिक दलका प्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, स्थानीय उद्योग वाणिज्य संघ, नागरिक समाज, पत्रकार, सञ्चारकर्मी तथा सामुदायिक संस्था सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

162. यो बजेट तथा कार्यक्रम निर्माणमा बिशेष मार्गदर्शन गर्नु हुने गर्नुहुने नेपाल सरकारका पूर्व अर्थमन्त्री तथा प्रतिनिधि सभाका सदस्य माननीय श्री जनार्दन शर्मा (प्रभाकर)ज्यू, यस नगरपालिकाको विकास र समृद्विको लागि विशेष पहल गर्नु हुने कर्णाली प्रदेश सभाका मुख्यमन्त्री माननीय श्री राज कुमार शर्मा ज्यू, कर्णाली प्रदेश सभा सदस्य माननीय महेन्द्र के.सी. र आठविसकोट नगरपालिकाको सम्वृद्धिमा अहोरात्र खटिइरहनु भएका पूर्व नगर प्रमुख श्री गोर्खबहादुर केसी, नगरपालिकाका भित्रका विभिन्न राजनैतिक दल र दल निकट विभिन्न भातृ सङ्गठन, स्थानीय बुद्दिजीवि, व्यापारी, पत्रकार शिक्षक विद्यार्थी लगायत सबैलाई यस अवसरमा नगरवासीको तर्फबाट हार्दिक आभार ब्यक्त गर्दछु ।

163. अन्त्यमा, नगरपालिकाको समृद्धि, विकास र उन्नतीमा निरन्तर सहयोग गर्ने, सद्भाव राख्ने आम नागरिक, करदाता, सरकारी/गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सकारात्मक सहयोग हुनेछ भन्ने अपेक्षा गर्दछु।

**मिति : २०८०/०३/१० गते**

**....... धन्यवाद ......**

~~---------------- धन्यबाद ------------~~